# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२९,जेष्ठ, २०६९


## भित्र




सापले हाम्रो आंखा खोल्यो .......२

सामाजिक परिवार गतिविधि.....३





वरवोट नागरिक सचेतना केन्द्रको गतिविधि......................४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# ताल्कु डाँडो हरियो भयो

बुद्धिबहादुर तामाङ्ग ६२ वर्षका भए, उनले जान्दा ताल्कुको डाँडो नाङ्गै थियो । पोखरीचौरमा २००५ सालतिर जम्मा तीन घर थियो। अहिले ३३ घर पुग्यो। यो गाउँमा सल्लेका मान्छेहरूको गोठ थियो। हाम्रो पनि यही ठाउँमा (जहाँ अहिले उनले घर वास गरेका छन्, देखाउदै) गोठ थियो। हामी एउटा लौरी काट्न परेपनि घुमाउने बनसम्म पुग्नु पर्थ्यो। हिड्न सक्नेलाई एक घण्टामा पुगिन्छ नसक्नेलाई अझ बढी लाग्थ्यो ।

हामी सानो हुँदा लिखुको बनसम्म पुगेर घाँस-सोत्तर गर्थ्यौं, हाम्रो गाउँबाट लिखुको बनमा पुग्न एक बिहानको बाटो छ । त्यो नौबिसे माथिको बन हो । गाई वस्तु यही नाङ्गो (ताल्कुडाँडा तर्फ देखाउदै) डाँडामा चरायो । पानी खुवाउन बसन्त खोलासम्म लैजानु पर्थ्यें । गाई वस्तुलाई। त्यो भनेको डेढ घण्टा लैजान र दुई घण्टा गाउँमा आई पुग्न लाग्छ। त्यतिखेर हामीले खाने पानी पनि बसन्त खोला कै हो । सधै विहान दुई खेप पानी बोकिन्थ्यो ।

आज जेठ २४ गते वुधबार पोखरीचौर निबासी रामसिँ तामाङ्गको बन कुर्ने पालो हो ।



उकालो चढ्दै गर्दा मैले सोधे के गर्दै हो दाई ! हाम्रो संरक्षित बनको कुरुवा बसेको, आज मेरो पालो हो । हामी २८ घरले पालैपालो यो बन कुर्ने, हेर्ने गरेका छौं । उनले हाँस्दै भने अनि कताबाट आउनु भो भनेर सोदा, तल दामेचौरबाट उक्लेको भन्दै म उनी सँगै थ्याच्च ढुङ्गा माथि बसे ।

किन बन कुर्न वसेको त ? उनले भने यसरी पालो नबसेत तल्लो गाउँकोले बन चोरी हाल्छनी। अहिलेत जताततै बन रोक्का गरेको छ। सबैले आफ्नो नजिकको बनलाई संरक्षण गरेका छन् । त्यसैले अर्को बनमा गएर घाँस, दाउरा, किला र छेको चोर्न हिड्छन् त !

हाम्रो ताल्कुडाँडाको बनत हेर्नुस ऊ तलदेखि माथिसम्म पो छ त । (हातले इसारा गर्दै मलाई तलदेखि माथिसम्म हेर्न लगाए)

बुद्धी बहादुर तामाङ्ग भन्छन् ताल्कु डाँडा हामीले हरियो पार्‍यौं। ऊ हेर्नोस्त हातलेघर माथिको हरियो बनलाई देखाउदै भन्छन्) आज भोलि त किला, खर खर्‍याँन बन खुलेका बेला हाम्रो गाउँका सवै घरलाई पुग्छ, टाढा जानु पर्दैन हाम्रै घर माथि हामीले जोगाएको बनले पुग्छ । आजकाल ताल्कुडाँडामा बाघ - चितुवा) बढेको छ जताततै सामुदायिक बन बनायो त्यसैले बाघ बढेको

छ । भालु लाग्ने बन भैसक्यो ।
पानीको पनि पहिला हेरी केही छोटो भएको छ घर-घरमा घैला (घैंटा) कार्यक्रमले दुई-दुई वटा घैटा बनाई दिएको छ । यी दुई भाँडोका सिमेन्टीले बनेका ठूल्ठूला घैंटालाई देखाउदै) ४४ सय लिटर पानी अट्छ गाई बस्तुलाई मात्र खुवाउदा तीन महिनासम्म पुग्छ ।
हाम्रो गाउँको विकास हुनमा एन्आरएन्, समग्र र फाउण्डेशनको ठूलो हात छ, यी संघ संस्था मध्ये एन.आर.एन्.ले प्रौढ कक्षा चलाई दियो अज तल्लो गाउँमा त खाने पानी पनि दियो ।
समग्रले आयआर्जन समिति र सामाजिक परिवार बनाएर हाम्रो गाउँका महिला पुरुषलाई संगठित भएर काम गर्न सिकायो, मासिक बचत, महिना दिनमा छलफल गर्ने बानी बसालि दियो । गरीवी निवारण कोषलाई पनि हाम्रो गाउँसम्म ल्याई दियो । यसले पनि महिलाहरूलाई व्यवसाय गर्न ऋण लगानी गरिदियो । कसैले बाख्रा, अदुवा, कसैले भैंसीको थोरे र एउटाले पसल गरेको छ गाउँमा ।
प्रेमसागर फाउण्डेशनले विहान बच्चा र बुढा-बुढीलाई खाना खुवाउँछ । उन्नत बोका हाम्रो गाउँमा दिएर उन्नत पाठा पाठी जन्मन थालेका छन् ।
संघ-संस्थाहरू गाउँमा हुँदा तरकारी खेती गरे बिभिन्न ठाउँहरूमा महिलाहरू भ्रमणमा गए धेरै कुरा सिकेर आए राम्रो छ बाबु ! आज भोलि गाउँमा यी काम गर्न मेरो छोरो सन्तबहादुर पनि खुव लागि पऱ्यो गाउँको उन्नतिका लागि धेरै दौड-धुप गऱ्यो । यी घैंटा उसैले जिल्लाबाट ल्याएको हो । यो जिल्लाको सहयोगमा बनेको । सन्तबहादुर एक पटक हेरे पछि जस्तो काम पनि सिक्ने बानी छ ।
राम सिँ ले भने बाघ भालु मात्र काहाँ हो र मृग पनि त आउँछ, वुझ्नु भो ताल्कुडाँडाको बन बढेपछि त तित्रा, बन कुखुरा, भ्याकुरदेखि धेरै नयाँ-नयाँ चरा चुरुङ्गीहरू देखिन थालेका छन् ।
भोलि वन हेर्न को आउँ छ त ? राम सिँ भन्छन् भोलि अर्को घरको आउँछ, बुझ्न भो पहिला यस्तो थिएन सबैले अन्न दिएर एक जना हेरालु राखेका थियौं । त्यसो गर्नु भन्दा सबै घरले पाले पालो हेर्दा सबैलाई बराबर माया हुँदोरहेछ । महिनामा एक दिन दिने त होनी । उनी खुशी हुँदै भने आफ्नो बन आफै मिलेर जोगाउँनु पर्छ ।
हेर्दा स-साना जस्तो लाग्ने तर कति गतिला र काम लाग्ने कुराहरू छ दामेचौरको सब भन्दा माथि महाभारत श्रृँखलाको हाराहारीमा बसोबास गर्ने ती सरल ग्रामीण बासिन्दाको आफ्नो बन आफैले जोगाएका छन् । थाहानै नपाई आउँदो पुस्तालाई यो पुस्ताले हरियो जंगल हस्तान्तरण गर्दै छ । आफ्नै थिती रितीमा हुर्काएको । यो कामबाट अरु ठाउँका गाउँले दिदी बहिनी र दाजु भाईले पनि सिक्न सकिन्छ कि ?



## सामाजिक परिवार(साप)ले हाम्रो आँखा खोल्यो

सुनमति विश्वकर्मा, अध्यक्ष कोलमराङ्ग
साप वाग्लुङपानी, लमजुङ ।

सामाजिक परिवार वन्नु भन्दा पहिला हामीलाई हक अधिकार भनेको के हो केही थाहा थिएन । महिला, त्यसमाथि पनि सानो जात, हाम्रा पनि हक अधिकार हुन्छ र ..जस्तो लाग्थ्यो । गाउँमा छुवाछुत वढी नै थियो । हामी साना जातीलाई नजिकै पुमा गाउँमा रहेको कन्या देवी मन्दिरमा पुजाआजा गर्न वन्देज थियो । मन्दिरको वाहिरी चौरमा समेत हामी हिडडुल गर्न सक्दैनथ्यौं । २०६४ सालतिर हाम्रो गाउँमा सामाजिक परिवारको गठन भयो । हामी



दलित समुदायका, कामी, दमाई, सार्की) २२ घरपरिवार सापमा सहभागि भयौं । समग्रले सञ्चालन गरेका मानव अधिकार, चेतनामूलक विभिन्न प्रकारका तालिमहरूमा सदस्यहरू पालैपालो भाग लिंदै गयौं । हक अधिकारका कुराहरू वुझ्ने मौका पायौं । हाम्रा लागि पनि संविधान, कानुनमा अधिकारको व्यवस्था रहेछ त्यो थाहा पायौं । सामाजिक परिवारमा नियमीत वचत, समस्याहरूको छलफल सरसल्लाह गर्दै गयौं। यसले हामीलाई संगठित वनायो । हाम्रो आँखा खुल्दैगयो, दुईचार जनाका अगाडि नडराई वोल्न सक्ने भएका छौं । छुवाछुतमा कमी आउदै गएको छ, मन्दिरमा पुजाआजा गर्न पाएका छौं । विभिन्न कार्यालयहरूमा हाम्रा लागि वजेटको खोजी, माग गर्न सक्ने भएका छौं ।

### समृद्दा वि.क. सदस्य वनदेवी सा प

**हिलेटक्सार, लमजुङ**



२ जना छिमेकी (वि.क. थरका) छोरीहरूको साथमा म सदरमुकाम वेशीसहर कामको सिलसिलामा पुगेको थिएँ । मैले चोलो र फरिया लगाएको थिएँ, लुगा पुरानै थियो, नामका वुलाकी पनि थियो । छोरीहरूले कुर्ता सुरुवाल लगाएका थिए । त्यहाँ हामीले गुरुङको होटलमा खाजा खायौं र पैसा तिरेर वाटो लाग्न लाग्दा लवाई हेर्दा त्यो वुढी कमीनी हुनुपर्छ, यसले खाएको भाँडा माझेर पठाउनु पर्छ भनेर सरसल्लाह गरेको आवाज सुनें त्यसपछि म हत्तनपत्त त्यहाँबाट भागें । त्यसैगरी नजिकको वजार चितिको तिलहारमा खाद्यान्न र अन्य घरायशी सामान लिन एकाविहानै पुगें । मैले सामान ल्याउने गरेको रेग्मी वाहुनको पसल थियो । त्यहाँ हिजोको जुठो भाडा पिढीमा राखेको रहेछ । मैले झुक्किएर छुन पुगेछु । त्यसपछि त ववाल शुरु भैहाल्यो । यो बुढी कमिनीले हाम्रो भाँडो छोयो माझेर सुकाएर जानुपर्छ भनेर तथानाम गाली गर्न थाले म त के गरौं के गरौं भयो भाडा माझेर जाउकी, भागौं ? त्यसपछि त्यहाँबाट कुलेलाम ठोकें । यस्ता धेरै छुवाछुत र अपमानका घटनाहरू भोगेकी छु । त्यतिवेला हाम्रो गाउँमा महिला समुहहरू थिएन । २०६३ सालमा वनदेवी सामाजिक परिवार बन्यो । हामीहरू सामाजिक परिवारमा आवद्द भयौं । सामाजिक परिवारमा वसेपछि समग्रको विभिन्न अधिकार र चेतनामूलक तालिमा भागलिन पाएँ । छुवाछुत र भेदभाव गर्नुअपराध हो, यो कसैले गर्न पाइदैन भन्ने कुरा थाहा पाएँ पहिलेको घटनाहरूको झल्झली याद आउँछ, अहिले भए तीनीहरूलाई कारवाही गराउँथे जस्तो लाग्छ । महिला तथा दलितहरूको हक अधिकार तथा स्रोत साधनका वारेमा थाहा पाएका छौं । त्यसमा हामी अहिले सचेत भएका पनि छौं । विभिन्न ठाउँहरूबाट वजेटहरू ल्याएका छौं । समग्र र सामाजिक परिवारले हाम्रो आँखा खोली दिएको छ ।

## सामाजिक परिवार गतिविधि

### स्रोत परिचालन

सिराहका सामाजिक परिवारहरू मध्ये मिलन, दलित उत्थान सिसवानी, श्रीराम, शान्ति, कचनारी, सिता र जनसाधारण सामाजिक परिवारको प्रयासमा फलफुलका विरुवा वीउविजन, बाटो मर्मत लगायत कार्यमा सरकारी निकायहरूबाट रू ५ लाख ७६ हजार ९ सय, गैरसरकारी संघ-संस्थाहरूबाट समेत अन्य सहयोगहरू उपलब्ध गराइ आ-आफ्नो सापका सदस्यहरूको आर्थिक उन्नतिमा वृद्धीहुने कार्य गरे ।

यस्तै सप्तरीको दोभान, दलितमिलन, मनकामना सामाजिक परिवारहरूले सरकारी तथा गैरसरकारी संस्थाहरूबाट फलफुलका विरुवा, वीउविजन लगाएत अन्य कार्य संचालन गर्नका लागि रु ५ लाख ६७ हजार ५ सय बरावरको स्रोत आफ्ना सामाजिक परिवारमा भित्र्यएर काम गरेका छन् ।

### मजदुर दिवसमा महिलाहरूको आवाज

महोत्तरीको गौशालामा मजदुर दिवसका दिन त्यस भेगमा सञ्चालन भएका सामाजिक परिवारका सदस्यहरू मिलेर गौशाला बजार परिक्रमा गर्नुका साथै कोण सभा गरे सो सभामा वोल्दै सरस्वति सामाजिक परिवारका अध्यक्ष सुनीता चौधरीले महिलाहरूलाई पनि पुरुष सरह काम गर्छन् तर ज्याला पुरुषभन्दा कम दिने गरिन्छ, यो चलन मास्नु पर्‍यो ज्याला समान हुनु पर्छ भन्नेमा जोड दिदै अहिले पनि पुरुषले महिललाई शोषण गरिरहेको अवस्था छ, भन्ने विचार राखिन । त्यस्तै लक्ष्मी सामाजिक परिवारका कुसुमी देवीले काम कुनै सानो ठूलो हुँदैन हामीले गरीवीका कारण मजदुरी गर्छौं त्यसमा लाज मान्नु पर्दैन, हामी महिला पुरुष मजदुर छौं, सबै एक भएर काम गरे मात्र हाम्रो माग पूराहुन सक्छ । यस्ता विचारहरूले कोण सभामा सबैलाई प्रेरणा र हौसला दिएको थियो ।

### नेतृत्व विकास

शान्ति सामाजिक परिवार कचनारीका तीन जना दलित सदस्यहरू राजा प्रावि. कचनारीको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यमा मनोनीत हुनु भएको छ मदन साह- अध्यक्ष, सहनी देवी सदा सदस्य र रमरती देवी सदा सदस्य भएका हुन यसरी दलितहरू यो ठाउँमा पुग्न सक्नुलाई ठूलो उपलब्धीका रुपमा लिइएको छ ।

### अन्तर्रजातिय द्वन्द्व व्यवस्थापन

गोरखाका लक्ष्मण रेग्मी र रोही ठाउँकी कमला नेपालीले प्रेम विवाह गर्दा दुवै परिवार तथा समाजले नस्वीकार गर्दा उनीहरु विस्तपित हुनु परेको र पछि एकता सामाजिक परिवारको पहल कदमीमा दुवै समुहलाई मिलापत्र गराई उनीहरुलाई आफ्नै ठाउँमा वसोवास गर्ने वातावरण मिलाएका छन् ।

### संस्थागत विकासको अभ्यास

प्रायजसो सवै सामाजिक परिवारहरूले वार्षिक साधारण सभा गरी आम्दानी खर्च तथा सञ्चालन गरिएको क्रियाकलापहरूको सार्वजनिकीकरण गरी संस्थागत पारदर्शिताको सिद्दान्तलाई अगाल्दै आइरहेका छन् ।

### क्षतिपूतिको माग गर्दै धर्ना

आँपपिपलका सापका सदस्यहरुले भिषण असिनापानीले गाउँमा धेरै क्षति पुऱ्याएकोमा सरकारसँग क्षतिपूर्तिको मागगर्दै जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए । उनीहरुको मागको सुनुवाई गर्दै जिविसले राहत प्याकेजको घोषणा गर्ने आश्वासन दिएपछि मात्र उनीहरूले धर्ना तोडेका थिए ।

## वरवोट नागरिक सचेतना केन्द्रको गतिविधि :

लमजुङ जिल्लाको चिति गाविस वडा नं.८ मा रहेको वरवोट सबै जातिको वसोवास भएको गाउँ हो । मध्यर्मस्याङदी जलविद्युत अयोजनाको उत्तरपट्टी रहेको यो गाउँ भौगोलिकरुपमा पनि सुन्दर छ। यस गाउँमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत २०६८ सालमा वरवोट नागरिक सचेतना केन्द्र स्थापना भयो। यस सचेतना केन्द्रमा मिजार, अधिकारी, नेपाली, चेपाङ विश्वकर्मा, कुताल, परियार, तिवारी, श्रेष्ठ आदि थरमा ३१ घरधुरी सदस्य रहेका छन् । जसमा महिला २९ र पुरुष २ जना प्रतिनीधिहरू रहेका छन्। जातीगतरुपमा दलित १७, जनजाति ९ र अन्य ५ जना छन् ।

सचेनता केन्द्रमा नियमितरुपमा हरेक शनिवार विहान ७ वजे देखि ९ वजे सम्म सचेतना कक्षा सञ्चालन हुन्छ । सदस्य दमन्ती परियारले भन्छिन् "सचेतना कक्षामा स्थानीय समस्याहरूको साथै सेवादायी निकायहरूमा आफ्नो पहुँच विस्तार, क्षमता अभिवृद्धि, सशक्तिकरण जस्ता विषयहरूमा छलफल हुने गरेको र यसकक्षावाट आफूले धेरै कुरा सिकेको, पहिले नयाँ मानिसको अगाडि वोल्न धक लाग्थ्यो, अहिले सवैसँग नडराई बोल्न सक्नेभएको, गाविस तथा अन्य निकायहरूमा आफ्नो माग राख्न सक्ने भएका छौं। हामी पहिलो जस्तो अन्धो रहेका छैनौं । यसवाट महिला सशक्तिकरणमा वलपुगेको छ।" त्यसैगरी अर्का सदस्य शोभा अधिकारीले सचेतना केन्द्रवाट १० दिने आयआर्जन तालिममा सहभागि हुने मौका पायौ । हामीलाई आफ्नो हक अधिकारको वारेमा सबै कुरा थाहा हुँदै गएको कुरा बताइन् ।सामाजिक परिचालक सरिता जोशी भन्छिन्, "सचेतना कक्षामा स्थानीय समस्याहरूलाई जोड दिएको र हाल सम्म

*सामाजिक परिचालक सरिता जोशी भन्छिन्, "सचेतना कक्षामा स्थानीय समस्याहरुलाई जोड दिएको र हालसम्म खानेपानी, व्यक्तिगत घटना दर्ता, स्थानीय स्रोत साधानको पहिचान, गाविस/जिविसहरुमा आउने वजेट र खर्च गरिनुपर्ने शिर्षकहरु, दलित, आदिवासी जनजाति, वन्चीतिकरणमा परेका समुदायहरुलाई तोकिएको आधारमा बजेट छुट्टायो कि छुट्टाएन भनेर खवरदारी गर्ने जस्ता धेरै विषयहरुमा छलफल गरिएको छ ।*

खानेपानी, व्यक्तिगत घटना दर्ता, स्थानीय स्रोत साधानको पहिचान, गाविस/जिविसहरूमा आउने वजेट र खर्च गरिनुपर्ने शिर्षकहरू, दलित, आदिवासी जनजाति, वन्चीतिकरणमा परेका समुदायहरूलाई तोकिएको आधारमा वजेट छुट्टायो कि छुट्टाएन भनेर खवरदारी गर्ने जस्ता धेरै विषयहरूमा छलफल गरिएको छ। गएको गाउँ परिषदमा दलितहरूको सहभागिता नगराएको विषयमा दलितहरूवाट गाविसमा ताला लागेको र पछि दलितहरूलाई सहभागि गराउने निर्देशिका अनुसार वजेट छुट्टाएको थियो । यसवाट आवाज विहिनहरू सशक्त हुदै गएको छ।" छोटो समयमा यस नागरिक सचेतना केन्द्रले राम्रोकाम गर्न सकेको देखिन्छ । सदस्यहरूले मासिक वचत, सामाजिक सरसहयोग, सामुहिक सरसफाई लगायतका कार्यहरू पनि गर्दै आइरहेको छ।

यस नागरिक सचेतना केन्द्रले गरेको कामका वारेमा जानकारी लिन गोरखा तथा जाजरकोटका जिविस, नागरिक सचेनता केन्द्र तथा वडा नागरिकमञ्चका प्रतिनीधिहरू पुगेका थिए । त्यसैगरी जिल्लाका भ्रमणटोलीहरू पनि त्यहाँ पुग्ने गरेका छन् । यसैले पनि यस नागरिक सचेतना केन्द्र सवैको प्रियस्थल वनेको छ ।

त्यसैगरी चिति गाविसको ९ वटै वडामा गठन भएका वडा नागरिक मन्चहरूले पनि साम्रोसंग काम गरिरहेको पाइन्छ । यी नागरिक मन्चहरूमा दलित ३६, जनजाति ३० र अन्य १३० गरी १९६ घरधरी सदस्य रहेका छन् ।



### साझेदारी सम्झौता

यस संस्था र जिल्ला विकास समिति गोरखाविच गोरखाको लाप्राक, आरुघनौट, बक्राङ, जौवारी, वोर्लाङ, मिरकोट र फूजेल गरी ७ वटा गाविसमा स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) संचालनका लागि साझेदारी सम्झौता भएकोमा स्थानीय सामाजिक परिचालक छनौट गरी ती गाविसहरूको वस्तुस्थिति विवरण फाराम भर्ने, वडा नागरिक मञ्च गठन गर्ने लगायतका कामहरू सञ्चालन भैरहेको छ। त्यसैगरी लमजुङमा जिल्लाविकास समिति र यस संस्थाको सहकार्यमा चिति, हिलेटक्सार, वाझाखेत र भुजुङमा स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सञ्चालन भैरहेकोमा चण्डीस्थान गाविस थप भई त्यस गाविसमा सामाजिक परिचालक छनौट गरी कार्यक्रम सञ्चालन गरिएको छ ।